# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) वीरेन्द्रनगर, सुर्खेत, श्रावण ३१ गते, २०७९ साल (अतिरिक्ताङ्क १०

## भाग-१

### कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत् २०७९ सालको ऐन नं. ०९

### कृषि व्यवसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**ः कर्णाली प्रदेशको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न, कृषि योग्य जमिनको सदुपयोग द्वारा कृषिको आधुनिकीकरण, उत्पादनको विविधीकरण, बजारीकरण, सामूहिक खेती प्रवर्धन तथा व्यावसायीकरण बाट उत्पादन वृद्धि

गरी कृषि क्षेत्रको समग्र विकास गर्न र खाद्य सुरक्षाको प्रत्याभूति गर्नका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "कर्णाली कृषि व्यवसाय प्रवर्धन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अक्सन बजार" भन्नाले कृषि उपज खरिद बिक्री गर्ने उद्देश्यले क्रेता र बिक्रेताले परिमाण सहित खरिद मूल्य र बिक्री मूल्य पहिले नै आधिकारिक रूपमा जानकारी दिई प्रतिस्पर्धाको आधारमा हुने बजार प्रणाली सम्झनु पर्छ।

(ख) "अनुसन्धान अधिकारी" भन्नाले मन्त्रालयले तोकेको अधिकारी सम्झनु पर्छ।

(ग) "उत्पादक" भन्नाले कृषि उपज उत्पादन गर्ने कृषक, कृषक समूह, कम्पनी वा कृषि फर्म वा कृषि सहकारी सम्झनु पर्छ।

(घ) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुको कारोबार गर्न दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शब्दले संगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ।

(ङ) "कृषक" भन्नाले आफ्नै जग्गा वा कसैको जग्गा करारमा लिई व्यावसायिक कृषि खेती र पशुपन्छीजन्य उत्पादन गर्ने व्यक्ति, कृषक समूह, कृषि व्यवसायी, कृषि

कम्पनी, कृषि फर्म र कृषि सहकारीमा आवद्ध व्यक्ति सम्झनु पर्छ।

(च) "कृषि उपज" भन्नाले अनुसूची-१ मा उल्लेख भए बमोजिमका कृषि वस्तु सम्झनु पर्छ।

(छ) “कृषि बजार” भन्नाले कृषि उपजको सङ्कलन, प्रशोधन, ग्रेडिङ, लेवलिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण तथा बिक्री वितरण गर्न स्थापना र सञ्चालन भएको बजार सम्झनु पर्छ।

(ज) "कृषि फर्म" भन्नाले व्यावसायिक प्रयोजनको लागि कृषि तथा पशुपन्छीजन्य वस्तुको उत्पादनका लागि सञ्चालन गरिएको फर्म सम्झनु पर्छ।

(झ) "कृषि व्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनु पर्छः-

(अ) व्यावसायिक उद्देश्यले गरिने कृषि उपजको उत्पादन तथा प्रशोधन,

(आ) कृषि बजारको स्थापना तथा सञ्चालन,

(इ) कृषि उपजको व्यापार,

(ई) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मल, जैविक पदार्थको उत्पादन, भण्डारण तथा वितरण,

(उ) कृषि उत्पादनको लागि प्रयोग हुने बिउ, वेर्ना, नश्ल, वीर्य, भ्रुण, खोप, दानाजन्य पदार्थ र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(ऊ) कृषिमा प्रयोग हुने औषधि तथा विषादीको उत्पादन, भण्डारण तथा बिक्री व्यवसाय,

(ए) कृषि औजार वा उपकरणको उत्पादन, भण्डारण तथा बिक्री वितरण,

(ऐ) कृषिजन्य उद्योग व्यवस्थापन र सञ्चालन,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ओ) कृषि सेवा प्रदायकबाट भएको सेवा उद्योग,

(औ) कृषि तथा पशुपन्छी व्यवसायको बजार तथा बजारीकरण।

(ञ) "कृषि व्यवसायी" भन्नाले कृषि व्यवसायको मूल्य श्रृंखलामा प्रत्यक्ष संलग्न भई कृषि व्यवसाय सञ्चालन गर्ने व्यक्ति, समूह, सहकारी वा उपभोक्ता संस्था सम्झनु पर्छ।

(ट) "कृषि सुपर मार्केट" भन्नाले कृषि उपजको बिक्री गर्ने मूल उद्देश्यले सञ्चालन गरिएको मूल्य निर्धारण सहितको सुपर मार्केट सम्झनु पर्छ।

(ठ) "खुद्रा बजार" भन्नाले कुनै बिक्रेताले उपभोक्तालाई बिक्री गर्ने साना खुद्रा बजार, पसल वा बिक्री केन्द्र सम्झनु पर्छ।

(ड) "तोकिएको अधिकारी" भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अधिकारी सम्झनु पर्छ।

(ढ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ण) "थोक बजार" भन्नाले कुनै उत्पादक वा बिक्रेताले अर्को बिक्रेतालाई न्यूनतम मात्रामा कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजार सम्झनु पर्छ।

(त) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि वा पशुपन्छी सम्बन्धी विषय हेर्ने निर्देशनालय सम्झनु पर्छ।

(थ) "परियोजना धितो" भन्नाले परियोजनाले चर्चेको जमिन, बिमित भौतिक संरचना, बिमित पशुपन्छी, माछा र बालीनाली सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(द) "प्रदेश स्तरीय बजार" भन्नाले प्रदेश सरकारबाट आर्थिक वा व्यवस्थापकीय सहयोगमा प्रदेशलाई लक्षित गरी खोलिएका थोक बजार, सुपर मार्केट तथा अक्सन बजार सम्झनु पर्छ।

(ध) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(न) "व्यावसायिक कृषि करार" भन्नाले व्यावसायिक कृषि खेती वा कृषि फर्मको सञ्चालन, कृषि उपजको व्यावसायिक उत्पादन, खरिद, बिक्री, सञ्चय र बजारीकरण गर्न वा कृषि व्यवसाय प्रवर्धन गर्न दुई वा दुईभन्दा बढी पक्षहरूबीच भएको सम्झौता वा व्यावसायिक कृषि करार सम्झनु पर्छ र सो शब्दले व्यावसायिक कृषि प्रयोजनको लागि व्यक्तिगत वा संस्थागत रूपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगको लागि कृषि उपज वा बालीको उत्पादन वा आपूर्ती गर्न दुई वा दुई भन्दा बढी पक्षहरू बीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ।

(प) "संकलन स्थल" भन्नाले कृषकले दोस्रो बजारमा बिक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर बजारसम्म लैजाने तथा बिक्रेतालाई बिक्री गर्ने संकलन स्थल सम्झनु पर्छ।

परिच्छेद-२

**कृषि व्यवसायको प्रवर्धन सम्बन्धी व्यवस्था**

३. **कृषि व्यवसाय गर्न सक्ने**: (१) कुनै पनि व्यक्तिले एकल वा आपसी साझेदारीमा कृषि व्यवसाय सञ्चालन गर्न सक्नेछ।

(२) प्रचलित कानूनको अधीनमा रही कृषि सहकारी संस्था, कृषि व्यवसाय अध्ययन अध्यापन गराउने शिक्षण संस्था वा प्रशिक्षण केन्द्रले कृषि व्यवसाय सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम गरिने कृषि व्यवसाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **<u>कृषि व्यवसाय दर्ता गर्नुपर्ने:</u>** (१) कृषि व्यवसाय सञ्चालन गर्न चाहने कृषक वा व्यवसायीले त्यस्तो कृषि व्यवसाय सम्बन्धित निकायमा दर्ता गर्नु पर्नेछ।

(२) व्यवसाय दर्ता तथा शुल्क लगायतका अन्य व्यवस्था व्यवसाय दर्ता सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम दर्ता भएका कृषि व्यवसाय तोकिएको निकायमा तोकिए बमोजिम सूचिकृत गर्नु पर्नेछ।

(४) तोकिए बमोजिमका कृषि व्यवसायको अनुमति तथा सञ्चालन मापदण्ड तोकिए बमोजिम हुनेछ।

५. **कृषि व्यवसाय गर्न वञ्चित गर्न नहुने**: कृषि व्यवसाय गर्ने व्यक्ति, समूह वा सहकारी वा कम्पनीलाई कृषि व्यवसाय गर्नबाट वञ्चित गर्न गराउन वा हानी नोक्सानी पुऱ्याउन हुँदैन।

६. **साझेदारीमा कृषि व्यवसाय सञ्चालन गर्न सकिने**: (१) प्रदेश सरकार वा तोकिएको निकायले प्रचलित कानूनको अधीनमा रही सार्वजनिक, निजी, सामुदायिक, गैर आवासीय नेपाली वा उपभोक्ता संस्था सँगको साझेदारीमा कृषि व्यवसाय स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

तर यस्तो व्यवसाय स्थापना तथा सञ्चालन गर्दा प्रदेशको स्रोत, लाभ र प्रतिफल सुनिश्चित हुने गरी मात्र गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना तथा सञ्चालन हुने कृषि व्यवसायहरू निजी लगानीको लागि तुलनात्मक रूपमा कम आकर्षण भएका क्षेत्रमा मात्र गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्थापना तथा सञ्चालन हुने व्यवसाय प्रदेश सरकारको स्वामित्व रहने गरी व्यवस्थापन करारमा दिने वा लागत साझेदारी वा तोकिए बमोजिमका अन्य मोडेल अनुसार गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम लागत साझेदारीमा स्थापना तथा सञ्चालन हुने कृषि व्यवसायको साझेदारले तोकिएको अवधिसम्म तोकिए बमोजिमको दायित्व बहन गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम साझेदारीमा व्यवसाय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **कृषि उपज उत्पादन क्षेत्र सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले प्रदेशको आवश्यकता, भौगोलिक सम्भाव्यता, प्राविधिक उपयुक्तता, व्यवसायी, उपभोक्ता र भावी पिँढीको हितलाई समेत ध्यान दिई तोकिए बमोजिमका विशेष कृषि उत्पादन क्षेत्र तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएका विशेष कृषि उत्पादन क्षेत्रभित्र प्रदेश सरकारले तोकिएका कृषि व्यवसायको प्रवर्धनका लागि निश्चित अवधि तोकेर विशेष सुविधा दिन सक्नेछ।

(३) स्थानीय तहले आफ्नो क्षेत्रभित्र उपदफा (१) बमोजिम कृषि उपज उत्पादन क्षेत्र तोक्न सक्नेछ।

(४) उपदफा (१) वा (३) बमोजिम तोकिएको क्षेत्रमा निर्धारित कृषि उपज लगाउन तथा कृषि व्यवसाय सम्बन्धी कार्य बाहेक अन्य कुनै कार्य गर्न पाइने छैन।

८. **प्रदेश कृषि व्यवसाय प्रवर्धन समितिः** (१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्धनका लागि प्रदेश स्तरमा एक प्रदेश कृषि व्यवसाय प्रवर्धन समिति रहनेछ।

(२) प्रदेश कृषि व्यवसाय प्रवर्धन समितिमा देहाय बमोजिमका सदस्य रहने छन्ः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सदस्य, प्रदेश योजना आयोग (कृषि हेर्ने) -सदस्य

(ग) प्रदेश सचिव, मन्त्रालय -सदस्य
(घ) निर्देशक, कृषि विकास निर्देशनालय -सदस्य
(ङ) निर्देशक, पशुपन्छी विकास निर्देशनालय -सदस्य
(च) मन्त्रालयले मनोनीत गरेको एक जना विज्ञ -सदस्य
(छ) प्रदेशस्तरीय कृषि सहकारी संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य
(ज) मन्त्रालयले मनोनीत गरेका व्यावसायिक किसान मध्ये एक जना -सदस्य
(झ) प्रमुख, सम्बन्धित महाशाखा, मन्त्रालय -सदस्य-सचिव

(३) प्रदेश कृषि व्यवसाय प्रवर्धन समितिले सम्बन्धित क्षेत्रको विषय विज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) प्रदेश कृषि व्यवसाय प्रवर्धन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) प्रदेश कृषि व्यवसाय प्रवर्धन समितिले आफ्नो कार्य सम्पादन गर्न उपसमिति गठन गर्न सक्नेछ।

(६) प्रदेश कृषि व्यवसाय प्रवर्धन समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

९. **प्रदेश कृषि व्यवसाय प्रवर्धन समितिको काम, कर्तव्य र अधिकार**ः प्रदेश कृषि व्यवसाय प्रवर्धन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश स्तरमा कृषि व्यवसाय प्रवर्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,
(ख) कृषि व्यवसाय प्रवर्धन गर्न नेपाल सरकार तथा स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने,
(ग) कृषि व्यवसाय प्रवर्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य विषयमा प्रवर्धनात्मक कार्यको लागि निर्देशन दिने,

(घ) प्रादेशिक महत्त्वका कृषि उपजको समर्थन मूल्य तोक्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ङ) कृषि व्यवसाय प्रवर्धनको लागि प्रदान गरिने सेवा सुविधा, सहुलियत वा अनुदान सम्बन्धमा अध्ययन गरी प्रदेश सरकारलाई सिफारिस गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

१०. **कृषि व्यवसायलाई सुविधा दिने**ः (१) प्रदेश सरकारले राष्ट्रिय प्राथमिकता, प्रदेशको आवश्यकता र कृषि व्यवसाय स्थापना तथा सञ्चालनको सम्भाव्यताको आधारमा दफा ४ को उपदफा (३) बमोजिम सूचिकृत भएका कृषि व्यवसायलाई अनुसूची-२ बमोजिम सेवा, सुविधा, सहुलियत, अनुदान, प्रोत्साहन वा सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा, सुविधा, सहुलियत, अनुदान वा सहयोग आम कृषकलाई उपलब्ध गराउन दर्ता र सूचिकरण अनिवार्य हुने छैन।

(३) उपदफा (१) र (२) बमोजिम दिइने सेवा, सुविधा, सहुलियत, अनुदान वा सहयोग निश्चित वर्ग, क्षेत्र, व्यवसाय, क्रियाकलाप, प्रविधि र अवधि तोकेर दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्रदान गरिने सुविधा कृषि विषय अध्ययन गरेका व्यवसायीबाट सञ्चालन हुने व्यवसायलाई प्राथमिकता दिन सकिनेछ।

(५) उपदफा (१), (२), (३) र (४) का अतिरिक्त खाद्य सुरक्षा, गरिबी न्यूनीकरण, कृषकको न्यूनतम आय सुनिश्चित गर्न कृषकलाई कृषि उत्पादन सामग्रीमा तोकिए बमोजिम अनुदान दिन सकिनेछ।

(६) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा प्रदेश कृषि व्यवसाय प्रवर्धन समितिको सिफारिसमा मन्त्रालयले तोके बमोजिम हुनेछ।

(७) यस दफा बमोजिम प्राप्त सुविधा दुरुपयोग गरेमा सो सम्बन्धमा छानबिन गरी सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ।

**११. <u>कृषि भूमिको चक्लाबन्दी गर्न सकिने</u>**: (१) कृषि व्यवसायको लागि कुनै व्यक्ति, कृषक समूह वा संस्थाले व्यावसायिक कृषि करार गरी लिएको कृषि क्षेत्रभित्रको जग्गालाई सोही करारमा उल्लेख भए बमोजिम चक्लाबन्दी गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम चक्लाबन्दी गरिएको जग्गा कृषि व्यवसाय सँग सम्बन्धित कार्य बाहेकका अन्य कार्यमा प्रयोग गर्न पाइने छैन।

(३) यस दफा बमोजिम कृषियोग्य जग्गाको चक्लाबन्दी गर्दा पालना गर्नु पर्ने शर्तहरू व्यावसायिक कृषि करारमा तोके बमोजिम हुनेछन्।

(४) उपदफा (१) बमोजिमको चक्लाबन्दी खेती प्रवर्धन गर्न प्रदेश सरकारले उत्पादन, फर्म पूर्वाधार, यान्त्रीकरण तथा बजारीकरणका लागि तोकिए बमोजिमको सुविधा प्रदान गर्न सक्नेछ।

**१२. <u>कृषि सामग्रीको मापदण्ड</u>**: (१) प्रदेशमा कृषि व्यवसाय प्रवर्धनका लागि कृषि सामग्रीको गुणस्तर कायम गर्न र वितरणलाई व्यवस्थित गर्न प्रदेश सरकारले तोकिए बमोजिम मापदण्ड बनाई कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड प्रदेशभरि वा कुनै भूगोल विशेषको लागि मात्र लागू गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको मापदण्डको पालना नभएको पाइएमा तोकिएको अधिकारीले यस्तो कृषि सामग्रीको उत्पादन तथा बिक्री वितरणमा रोक लगाउन सक्नेछ।

**१३. <u>प्रतिस्पर्धात्मक बजार प्रणाली अवलम्बन गर्नुपर्ने</u>**: (१) कृषि व्यवसाय वा कृषि बजार सञ्चालन गर्ने व्यक्ति वा संस्थाले प्रतिस्पर्धात्मक बजार प्रणालीको सिद्धान्त अनुरूप व्यावसायिक क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका क्रियाकलाप सञ्चालन गर्दा आफ्नो पक्षको मात्र स्वार्थ परिपूर्ती गर्ने उद्देश्यले अस्वस्थ प्रतिस्पर्धा, अनुचित प्रभावमा पार्ने तथा मिलेमतोमा बजार मूल्यमा प्रभाव पार्ने कार्य गर्न गराउन हुँदैन।

(३) कृषि व्यवसाय वा कृषि बजार सञ्चालन गर्दा उपभोक्ता संरक्षण र प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण सम्बन्धी प्रचलित कानून समेत पालना गर्नु पर्नेछ।

१४. **कृषि ऋणः** (१) प्रदेश सरकारले प्राथमिकता दिएका कृषि व्यवसायमा नियम बमोजिम कृषि ऋण उपलब्ध गराउनु प्रदेशभित्र सञ्चालित बैंक तथा वित्तीय संस्थाहरूको दायित्व हुनेछ।

(२) प्रदेश सरकारले कृषि व्यवसायहरूलाई बैंक तथा वित्तीय संस्थाको साझेदारीमा परियोजना धितो रहने गरी ऋण प्रवाह गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ। यस्तो ऋण प्रवाहको अवधि, व्यवसायको किसिम, ऋणको सीमा र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराउने ऋणलाई प्रदेश सरकारको उच्च प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा लगानी गरेको सरह मानी सो बापत बैंक तथा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ।

(४) कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (२) बमोजिम गरेको लगानी उठ्न नसक्ने भई अपलेखन गर्नुपर्ने भएमा सो अपलेखन गरेको वर्षको खुद करयोग्य आयबाट सो अङ्क बराबरको रकम घटाउन सक्नेछ।

(५) प्रदेशमा सञ्चालित बैंक, वित्तीय संस्था र बचत तथा ऋण सहकारीले कृषि व्यवसायमा प्रवाह गरेको कर्जामा प्रदेश सरकारले व्याज अनुदान दिन सक्नेछ। व्याज अनुदान, कर्जाको सीमा, लक्षित क्षेत्र वर्ग, व्यवसायहरू र यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) साना व्यवसायीहरूको लागि स्थानीय तह, लघुवित्त, सहकारी र बैङ्कको साझेदारीमा स्थानीय स्तरबाट नै विना धितो कर्जा प्रवाह गर्ने व्यवस्था गर्न सक्नेछ। परियोजना धितो र सहुलियत पूर्ण कर्जा अन्तर्गत

प्रवाह हुने कर्जाको सुरक्षण, बिमा, हेजिङ्ग र अन्य व्यवस्था तोकिए अनुसार हुनेछ।

(७) मन्त्रालयले साना व्यवसायीहरूको लागि ऋण प्रवाहमा सहजीकरण, वित्तीय र व्यावसायिक साक्षरता कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(८) कृषि व्यवसायमा प्रवाह भएको ऋणको विभिन्न आयाममा तोकिएको निकायले अध्ययन अनुसन्धान गरी प्रत्येक दुई वर्षमा प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

परिच्छेद-३

**<u>कृषि उपजहरूको बजारीकरण सम्बन्धी व्यवस्था</u>**

**१५. <u>कृषि उपजको बजारीकरण</u>**: (१) मन्त्रालयले प्रत्येक दुई वर्षमा प्रदेशमा उत्पादन हुने प्रमुख कृषि उपजहरूको उत्पादन लागत, उपभोक्ता मूल्य, वितरण प्रणालीबारे अध्ययन गरी तोकिएको निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको अध्ययन प्रतिवेदनको आधारमा कृषकको हित संरक्षण आवश्यक भएमा प्रदेश सरकारले प्रदेशका प्रमुख कृषि उपजहरूको न्यूनतम समर्थन मूल्य तोक्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको व्यवस्था प्रदेशभरि वा कुनै भूगोल, बाली र वस्तु विशेषमा निश्चित मापदण्ड र अवधिका लागि लागू हुने गरी तोक्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम तोकिएको मूल्यमा सञ्चालित कृषि उपज खरिद बिक्री व्यवसाय मार्फत् खरिदको सुनिश्चितता गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिमको व्यवस्था छोटो समयको लागि मात्र उपयुक्त हुने हुनाले दिगो रूपले कृषकहरूले उपजको न्यायोचित मूल्य प्राप्त गर्ने गरी प्रदेश सरकारले खुला बजार प्रणालीमा आधारित अन्य उपकरणहरू पहिचान गरी तोकिए बमोजिम कार्यान्वयन गर्न सक्नेछ।

(६) कृषि उपजको बजारीकरणका लागि दफा ६ बमोजिम साझेदारीको आधारमा समेत गर्न सकिनेछ।

**१६. <u>कृषि बजारको स्थापना</u>:** (१) प्रदेश सरकारले प्रदेशभित्रको विभिन्न स्थानमा प्रदेश स्तरीय कृषि बजारको स्थापना गर्न सक्नेछ।

(२) कृषि व्यवसायी समूह, कृषि व्यवसायी सहकारी, कृषि व्यवसायी कम्पनीले निर्देशनालयको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको स्वीकृति लिई साना कृषि बजार स्थापना र सञ्चालन गर्न प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः-

(क) स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष - संयोजक
(ख) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य
(ग) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) स्थानीय तहको पशुपन्छी विकास शाखा प्रमुख- सदस्य
(ङ) स्थानीय तहले मनोनीत गरेको कृषक प्रतिनिधि एक महिला - सदस्य
(च) उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य
(छ) स्थानीय तहको कृषि विकास शाखा प्रमुख -सदस्य-सचिव

(४) कृषि बजारको स्थापना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१७. <u>कृषि बजारको वर्गीकरण</u>:** (१) दफा १६ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) खुद्रा बजार,
(ख) संकलन केन्द्र,
(ग) हाट बजार,
(घ) थोक बजार,

(ङ) अक्सन बजार,

(च) कृषि सुपर मार्केट।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालन बापत लाग्ने शुल्क प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ।

(३) बजार सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **<u>निजी क्षेत्रबाट कृषि बजारको स्थापना र सञ्चालन गर्न सकिने</u>**ः (१) कुनै व्यक्ति वा संस्था वा कम्पनीले आफ्नो निजी लगानीबाट कृषि बजारको स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने बजार अनुसूची-३ बमोजिम तोकिएको निकायमा दर्ता गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम कृषि बजारको स्थापना तथा सञ्चालन गर्दा यस ऐनबमोजिम तोकिएको मापदण्ड पूरा गर्नु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुँदाको बखत निजी रूपमा स्थापना तथा सञ्चालनमा रहेको कृषि बजार यो ऐन प्रारम्भ भएको छ महिनाभित्र यस ऐन बमोजिम तोकिएको मापदण्ड पूरा गरी सम्बन्धित निकायमा दर्ता गर्नु पर्नेछ।

(५) निजी क्षेत्रबाट स्थापना हुने बजार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **<u>कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति</u>**ः (१) दफा १६ बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिम कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः-

(क) निर्देशक, कृषि विकास निर्देशनालय -अध्यक्ष

(ख) प्रमुख, योजना महाशाखा, मन्त्रालय -सदस्य

(ग) अधिकृत, पशुपन्छी विकास निर्देशनालय -सदस्य

(घ) प्रतिनिधि, प्रदेश उद्योग वाणिज्य संघ -सदस्य

(ङ) सम्बन्धित बजार स्थल भएको वडाको वडा अध्यक्ष -सदस्य

(च) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन प्रशिक्षण केन्द्रको प्रमुख -सदस्य

(छ) मन्त्रालयले तोकेको एक जना विषय विज्ञ -सदस्य

(ज) कृषक वा कृषक समूह वा कृषि व्यवसायी मध्येबाट मन्त्रालयले तोकेको एक जना -सदस्य

(झ) कार्यकारी अधिकृत -सदस्य-सचिव

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **कार्यकारी अधिकृत तथा कर्मचारी सम्बन्धी व्यवस्था**: (१) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिको प्रशासनिक कामकाज गर्न एक कार्यकारी अधिकृत रहनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यकारी अधिकृतको योग्यता, नियुक्ति तथा सेवा शर्त र समितिका अन्य कर्मचारी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **अनुमति लिनुपर्ने**: (१) कृषि बजारमा पसल वा स्टल सञ्चालन गर्न वा कुनै सेवा सुविधा प्रदान गर्न चाहने व्यक्ति वा संस्थाले सम्बन्धित कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिबाट अनुमति लिनु पर्नेछ।

(२) कुनै कृषकले कृषि बजार मार्फत आफूले उत्पादन गरेको कृषि उपजको बिक्री गर्न चाहेमा कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिले निजलाई छुट्टै पसल वा स्टल उपलब्ध गराई बिक्री वितरण गर्ने प्रबन्ध मिलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुमति प्रदान गर्दा अनुमति प्राप्त गर्ने व्यक्ति वा संस्थाले पालना गर्नुपर्ने शर्त बन्देज, बुझाउनु पर्ने सेवा शुल्क,

बहाल रकम, सेवा वा पसल सञ्चालन गर्न पाउने अवधि समेत उल्लेख गरी त्यस्तो व्यक्ति वा संस्थासँग कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिले सम्झौता गर्नु, गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम अनुमति प्राप्त व्यक्ति वा संस्थाले आफूले कारोबार गर्न लिएको स्थान वा स्टल अन्य कसैलाई भाडामा दिन वा भाडा नलिई प्रयोग गर्न दिन वा सम्झौताको प्रतिकूल हुने गरी कुनै पनि काम कारबाही गर्नु हुँदैन।

(५) उपदफा (३) बमोजिमको सम्झौताको विपरीत हुने गरी कुनै कार्य गरेमा वा उपदफा (४) विपरीतको कार्य गरेमा कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिले अनुमति प्राप्त गर्ने व्यक्ति वा संस्थालाई कृषि बजारमा पसल सञ्चालन गर्न वा कुनै सेवा सुविधा प्रदान गर्न रोक लगाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम पसल सञ्चालनमा रोक लगाएकोमा कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिले त्यस्तो पसल वा स्टल सञ्चालन गर्ने जिम्मा उपदफा (३) बमोजिम अन्य व्यक्तिलाई प्रदान गर्न सक्नेछ।

२२. **कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति जिम्मेवार हुने**ः (१) कुनै कृषकले आफूले उत्पादन गरेको कृषि उपजलाई कृषि बजारमा बिक्री गर्न चाहेमा सम्बन्धित कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिले त्यस्तो कृषि उपजलाई तत्काल प्रचलित थोक मूल्यमा खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) कृषि बजारमा खरिद बिक्री हुने कृषि उपजको थोक तथा खुद्रा मूल्य सूची कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिले दैनिक रूपमा सार्वजनिक गर्नु पर्नेछ।

(३) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिले उत्पादक वा कृषकसँग कृषि उपजको खरिद गर्दा तिर्नुपर्ने मूल्यसमेत सार्वजनिक गर्नु पर्नेछ।

२३. **<u>सार्वजनिक निजी साझेदारी अनुसार कृषि बजार सञ्चालन गर्न सकिने</u>**: (१) सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार कृषि बजारको स्थापना र सञ्चालन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने कृषि बजार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## <u>व्यावसायिक कृषि करार</u>

२४. **<u>व्यावसायिक कृषि करार गर्न सकिने</u>**: (१) उत्पादक, कृषक तथा कृषि व्यवसायीले करार सम्बन्धी प्रचलित कानूनको अधीनमा रही आपसमा सम्झौता गरी कृषि व्यवसाय गर्न आवश्यक पर्ने जमिनको प्राप्ति वा त्यसबाट उत्पादित कृषि उपजको खरिद बिक्रीको लागि व्यावसायिक कृषि करार गर्न सक्नेछन्।

(२) कृषियोग्य जमिन कृषि परियोजना बमोजिम ऐलानी (सार्वजनिक) जग्गा भए स्थानीय तहको सिफारिसमा र वनक्षेत्र नभएको सामुदायिक वनको भए सम्बन्धित सामुदायिक वन तथा सम्बन्धित निकायको सहमति र स्थानीय तहको सिफारिसमा प्रदेश सरकारले निश्चित सीमा तोकी करारमा लिने दिने व्यवस्था मिलाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम व्यवसायिक कृषि करार गर्दा करारमा उल्लेख हुने विषयहरू, करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

२५. **<u>जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिने</u>**: कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनको लागि व्यक्ति, कृषि फर्म, कम्पनी वा व्यवसायी, कृषक, कृषक समूह, कृषक समूहहरू मिलेर बनेको समिति, कृषि सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ।

२६. **<u>जग्गा तथा भौतिक साधन माग गर्न सक्ने</u>**ः (१) कुनै कृषक वा कृषि व्यवसायीले व्यवसायिक रूपमा कृषि सम्बन्धी कार्य गर्नको लागि प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न कुनै व्यक्ति, संस्था वा निकायमा माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानून बमोजिम सम्बन्धित निकायले करारमा जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सक्नेछ।

(३) जग्गा तथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) खेती नगरी प्रचलित कानूनले तोकेको अवधिसम्म बाँझो रहेको जग्गा सम्बन्धित जग्गाधनीको मञ्जुरी वा सम्बन्धित निकायको सहमतिमा तोकिए बमोजिम प्रदेश सरकारले कृषि प्रयोजनका लागि करार सम्झौता गरी प्रयोगमा ल्याउन सक्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि जग्गाधनीले आफैले कृषि प्रयोजनको लागि प्रयोगमा ल्याउने भएमा समय माग गरी जग्गा फिर्ता गर्नु पर्नेछ।

२७. **<u>स्वामित्व हस्तान्तरण नहुने</u>**ः यस ऐन बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारमा लिने पक्षको स्वामित्व स्थापित हुने छैन।

२८. **<u>पुनः करार गर्न नहुने</u>**ः यस ऐन बमोजिम करार गर्ने पक्षले दोस्रो पक्षको सहमति नलिई सोही विषयमा तेस्रो पक्षसँग पुनः करार गर्न पाउने छैन।

२९. **<u>व्यावसायिक कृषि करारका पक्षहरूको दायित्व</u>**ः व्यावसायिक कृषि करारमा संलग्न पक्षहरूको दायित्व करारमा उल्लेख भएकोमा सोही बमोजिम र नभएकोमा प्रचलित करार कानून बमोजिम हुनेछ।

३०. **<u>करार दर्ता गर्नुपर्ने</u>**ः (१) प्रदेश सरकारबाट सुविधा तथा सहुलियत प्राप्त गर्न यस ऐन बमोजिम सम्पन्न गरिएका व्यवसायिक कृषि सम्बन्धी

आन्तरिक मामिला तथा कानून मन्त्रालय

करारहरू सम्झौता भएको पैंतीस दिनभित्र तोकिएको निकायमा अनिवार्य रूपमा दर्ता गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ।

(३) उपदफा (१) बमोजिम भएको करारको अभिलेख तोकिएको अधिकारीले अनिवार्य राख्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको करार दर्ता गर्न दुवै पक्षहरू स्वयम् वा उनीहरूको कानून बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ।

(५) मन्त्रालयले कुनै व्यवसायी वा कृषकले कृषि करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस ऐन तथा प्रचलित करार कानून बमोजिम उल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालना गर्नु पर्नेछ।

३१. **प्रचलित कानून बमोजिम हुने**: व्यवसायिक कृषि करार सम्बन्धमा यस ऐनमा उल्लेख भएकोमा यसै ऐन बमोजिम र यस ऐनमा उल्लेख नभएकोमा प्रचलित करार कानून बमोजिम हुनेछ।

## परिच्छेद-५

## विवाद समाधान सम्बन्धी व्यवस्था

३२. **विवाद समाधान**: (१) यस ऐन अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा करारमा विवाद समाधान गर्ने तरिका लेखिएकोमा सोही बमोजिम विवाद समाधान गर्नु पर्नेछ।

(२) करारमा विवाद समाधानको तरिका उल्लेख नभएकोमा पक्षहरूले आपसी वार्ताबाट विवाद समाधान गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम विवाद समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम हुनेछ।

परिच्छेद-६

**क्षतिपूर्ति, सजाय र मुद्दा सम्बन्धी व्यवस्था**

**३३. क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः** (१) करार उल्लंघन भएकोमा त्यसबाट मर्का पर्ने पक्षले करार उल्लंघनबाट भएको वास्तविक हानी नोक्सानी वा करार गर्दाको अवस्थामा त्यस्तो हानी नोक्सानी हुन सक्छ भनी करारका पक्षलाई जानकारी भई निर्धारण गरेको हानी नोक्सानी त्यसरी करार उल्लंघन गर्ने पक्षबाट भराई लिन पाउनेछ।

(२) उपदफा (१) बमोजिम हानी नोक्सानी निर्धारण सम्बन्धमा करारमा उल्लेख भएको भए सोही बमोजिम र उल्लेख नभएको भएमा सो निर्धारणको लागि तोकिए बमोजिम एक समिति रहनेछ। समितिले सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझी सोको आधारमा हानी नोक्सानी वापतको क्षतिपूर्ति निर्धारण गर्नेछ।

(३) उपदफा (२) बमोजिम क्षति पुऱ्याउने पक्षले क्षति भएको मूल्य बराबरको रकम पीडित पक्षलाई क्षतिपूर्ति दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दिईने क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३४. कसुर तथा सजायः** (१) कसैले देहायका कार्य गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) दफा ४ बमोजिम कृषि व्यवसाय दर्ता नगरी सञ्चालन गरेमा दश हजारदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी त्यस्तो व्यवसाय बन्द गराउन सक्ने,

(ख) दफा ४ को उपदफा (३) बमोजिमको मापदण्ड पालना नगरेमा पच्चीस हजारदेखि दुई लाख रुपैयाँसम्म जरिबाना गरी त्यस्तो व्यवसाय बन्द गराउन सक्ने,

(ग) दफा १३ विपरीत कार्य गरेमा प्रथम पटक भए दस हजार रुपैयाँ, दोस्रो पटक भए पच्चीस हजार रुपैयाँ र तेस्रो पटक देखि पटकै पिच्छे पचास हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म जरिबाना,

(घ) दफा १८ बमोजिम दर्ता नगरी कृषि बजारको स्थापना र सञ्चालन गरेमा कारोबारको स्तरलाई विचार गरी दस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी त्यस्तो बजार बन्द गराउन सक्ने,

(ङ) दफा २१ बमोजिम अनुमति नलिई कृषि बजारमा पसल वा स्टल सञ्चालन गरेमा कारोबारको स्तरलाई विचार गरी दस हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना,

(च) कृषि बजारको कुनै भौतिक पूर्वाधारमा हानी नोक्सानी पुऱ्याएमा हानी नोक्सानीको विगो असुल उपर गरी विगो बमोजिम जरिबाना।

(२) यस ऐन बमोजिम प्राप्त अनुदानको दुरुपयोग गरेमा दुरुपयोग गरेको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीत कुनै कार्य गरी त्यसबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी गर्ने पक्षबाट नै भराईनेछ।

**३५. <u>मुद्दाको तहकिकात र दायरी</u>**: (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात तथा दायरी अनुसन्धान अधिकारीले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुसन्धान अधिकारी कृषि विकास निर्देशनालयको सातौं वा आठौं तहको अधिकृत स्तरको कर्मचारी हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) उपदफा (१) बमोजिम मुद्दा दायर गर्नुअघि अनुसन्धान अधिकारीले सरकारी वकीलको राय लिनुपर्नेछ।

३६. **मुद्दाको सुरु कारवाही र किनारा**ः (१) यस ऐन अन्तर्गतको सुरु मुद्दा हेर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम मुद्दाको कारवाही र किनारा प्रचलित कानून बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

३७. **पुनरावेदन**ः दफा ३६ बमोजिम तोकिएको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

३८. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने**ः यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस ऐन विपरीत गरेको कुनै कार्यबाट अन्य कानूनको उल्लङ्घन हुने भएमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन।

परिच्छेद–७

## विविध

३९. **बौद्धिक सम्पत्तिको संरक्षण**ः यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्धन गर्दा वा व्यावसायिक कृषि करार गर्दा बौद्धिक सम्पत्ति, भौगोलिक पहिचान तथा सामुदायिक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ।

४०. **ढुवानीका साधन जाँच गर्दा प्राथमिकता दिनुपर्ने**ः (१) छिट्टै नाश हुने वा सडी गली जाने प्रकृतिका कृषि उपज उत्पादन तथा संकलन स्थलबाट बजारसम्म ढुवानी गर्ने क्रममा ढुवानीका साधन जाँच गर्दा प्राथमिकता दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम ढुवानीका साधन जाँच गर्दा त्यस्तो कृषि उपज नाश नहुने गरी सावधानी पूर्वक गर्नु पर्नेछ।

(३) यस ऐन बमोजिम कृषि उपज ढुवानी गर्ने साधनको ढुवानी मापदण्ड प्रचलित कानूनले तोके बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

४१. **निरीक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था**: (१) प्रदेश सरकार, मन्त्रालय वा स्थानीय तहले आफू मातहत सञ्चालित कृषि बजारको सञ्चालनको सम्बन्धमा नियमित निरीक्षण तथा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा सम्बन्धित कृषि बजारले तत्काल कुनै कुरा सुधार गर्नुपर्ने देखिएमा सो सम्बन्धमा सम्बन्धित कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिलाई निश्चित समय तोकी निर्देशन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको समयभित्र सम्बन्धित कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिले सुधार गरे नगरेको सम्बन्धमा आवश्यक निरीक्षण तथा अनुगमन समेत गर्नु पर्नेछ।

४२. **जग्गा खरिद गर्न सकिने**: प्रदेशभित्र एकल वा साझेदारीमा व्यवसाय स्थापना तथा सञ्चालन गर्न मन्त्रालय वा मन्त्रालय मातहतको निकायले प्रचलित कानूनको अधिनमा रही जग्गा खरिद गर्न सक्नेछ।

४३. **वार्षिक प्रतिवेदन**: कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिले आफ्नो काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र मन्त्रालय र सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नु पर्नेछ।

४४. **अनुसूचीमा थपघट वा हेरफेर**: मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

४५. **नियम बनाउने अधिकार**: यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

४६. **निर्देशिका वा कार्यविधि बनाउन सक्ने**: मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यकता अनुसार निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

४७. **विनियम बनाउन सक्ने**: यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम र निर्देशिकाको अधीनमा रही सम्बन्धित कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिले आवश्यक विनियम बनाउन सक्नेछ।

अनुसूची-१

(दफा २ को खण्ड (च) सँग सम्बन्धित)

**कृषि उपजहरू**

१. खाद्यान्न बाली,
२. दलहन, तेलहन,
३. सूर्ति,
४. बागबानीजन्यः फलफूल, तरकारी, पुष्प, आलंकारिक विरूवा, कन्दमूल, मसलाबाली,
५. च्याउ,
६. माछा, माछाको भूरा, छाला, ऊन,
७. चिया, कफी, अलैची, सुपारी, घाँसेबाली,
८. मौरी, रेसम किरा,
९. कपास, जुट, उखु, टिमुर, सिस्नु, अल्लो र सिलाम,
१०. दुध तथा दुग्धजन्य पदार्थ,
११. मासु तथा मासुजन्य पदार्थ,
१२. अण्डा,
१३. कृषि पर्यटन,
१४. कृषि तथा पशुपन्छीजन्य पदार्थको प्रशोधन उद्योग,
१५. गैर काष्ठ वन पैदावार, जडिबुटी, सुगन्धित बाली,
१६. कृषि उत्पादनका लागि आवश्यक मल, बिउ, दाना तथा दानाजन्य पदार्थ, औषधी, जैविक तथा जैविकी पदार्थ (खोप, विर्य, भ्रुण) रासायनिक विषादी तथा औजार र नेपाल सरकारले समय समयमा तोकेको अन्य उपज तथा वस्तुहरू।

अनुसूची-२

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**व्यवसायहरूलाई प्रदान गरिने सेवा, सुविधा, सहुलियत, प्रोत्साहन र सहयोग**

| क्र.सं. | व्यवसायहरूलाई उपलव्ध हुने सेवा सुविधा सहुलियत प्रोत्साहन र सहयोगको किसिम | योग्य हुने लक्षित वर्ग |
|---|---|---|
| १ | विशेष अनुदान | लक्षित वर्ग |
| २ | सहुलियतपूर्ण कर्जा | अति विपन्न तथा सीमान्तकृत कृषक, लक्षित वर्ग |
| ३ | व्याज अनुदान, पूर्वाधार विकासमा पूँजीगत अनुदान, प्रदेशबाट लागु हुने कर छुट, कर फिर्ता, विधुत महशुल फिर्ता, सर्टिफिकेशन शुल्क, परियोजना धितोमा कर्जा, प्राविधिक सहयोग, ढुवानी अनुदान, प्रतिफलमा आधारित अनुदान, सिंचाइ तथा सडक जस्ता पूर्वाधार निर्माणमा पहुँच विस्तार, कर्जा सुरक्षण सहयोग | मूल्य श्रृंखलामा आधारित मध्यम तथा ठूला व्यवसायी कृषक, अति विपन्न तथा सीमान्तकृत कृषक, लक्षित वर्ग |
| ४ | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान | कृषि उद्योगहरूसँग खरिद सम्झौता भई सञ्चालनमा रहेका उत्पादक तथा व्यवसायहरू |
| ५ | चक्लाबन्दीमा आधारित खेतीमा स्थान विशेषको आवश्यकता अनुसारको विशेष प्याकेज | चक्लावन्दीमा आधारित खेती गर्ने उद्यमीहरू |
| ६ | सामूहिक खेतीमा स्थान विशेषको आवश्यकता अनुसारको विशेष | सामूहिक खेती गर्ने उद्यमीहरू |

| | | |
|---|---|---|
| | प्याकेज | |

अनुसूची-३

(दफा १८ को उपदफा (२) सँग सम्बन्धित)

**कृषि बजारहरूको दर्ता, नियमन, नवीकरण र खारेजी गर्ने निकाय**

| क्र.सं. | बजारको किसिम | दर्ता, नियमन, नवीकरण र खारेजी गर्ने निकाय |
|---|---|---|
| **(क)** | **स्थानीय स्तर** | |
| १ | होम डेलिभरी | सम्बन्धित स्थानीय तह |
| २ | खुद्रा बजार | सम्बन्धित स्थानीय तह |
| ३ | हाट बजार | सम्बन्धित स्थानीय तह |
| ४ | अक्सन बजार | सम्बन्धित स्थानीय तह |
| ५ | संकलन केन्द्र | सम्बन्धित स्थानीय तह |
| ६ | कृषि सुपर मार्केट | सम्बन्धित स्थानीय तह |
| **(ख)** | **प्रदेश स्तर** | |
| १ | थोक बजार | प्रदेश सरकारको सम्बन्धित निकाय |
| २ | अनलाइन बजार | प्रदेश सरकारको सम्बन्धित निकाय |

प्रमाणीकरण मितिः २०७९/०४/३१

आज्ञाले
दिनेश सागर भुसाल
प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय